हेमलाल न्यौपाने
डिभिजनल वन अधिकृत

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, पर्वत
कुश्मा, नेपाल

# पर्वत जिल्लाको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनितिक योजना (पञ्चबर्षिय वन कार्ययोजना) तयारीको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदनको

## सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३ जेष्ठ १७ गते आईतबार

डिभिजन वन कार्यालय पर्वत ले समग्र पर्वत जिल्लाको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनितिक योजना (पञ्चबर्षिय वन कार्ययोजना, २०८२/०८३ देखि २०८६/०८७ सम्म) को तयारी तथा कार्यान्वयन गर्ने प्रस्ताव गरेको छ । उक्त योजनाको तयारी तथा कार्यान्वयन गर्दा वन व्यवस्थापन मार्फत वन पैदावारहरु (काठ, दाउरा, जडीबुटी, गैह्रकाष्ठ वन पैदावार लगायत) को उत्पादन, उपयोग, प्रशोधन साथै विक्रि वितरण र वन तथा वन्यजन्तुको संरक्षण हुने उद्देश्य राखिएको छ । गण्डकी प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ को अनुसूची २ (नियम ३ सँग सम्बन्धित) को खण्ड (क) को बुँदा (१८) र (१९) अनुसार यस योजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरिएको हो । यस प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको सिलसिलामा गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ तथा गण्डकी प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ को नियम ७ बमोजिम प्रस्ताव कार्यान्वयन हुने स्थानमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप यो सूचना प्रकाशन गरिएको छ । यस सूचना मार्फत प्रस्तावित योजनाबाट प्रभावित हुने पर्वत जिल्लाका सबै गाउँपालिका/नगरपालिका तथा वडाहरु, सम्पूर्ण विद्यालय, स्वास्थ्य चौकी, सामुदायिक वन उपभोक्ता समुहका प्रतिनिधीहरु, प्रभावित स्थानीय समुदायहरु साथै अन्य सबै सरोकारवालाहरुलाई निम्न मिति, समय र स्थानमा उपस्थित भई यस योजनाको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन उपर छलफलमा सहभागी भई राय सुझावहरु दिनुहुन हार्दिक अनुरोध गरिन्छ।

| योजना प्रभावित क्षेत्र सम्बन्धी विवरण | |
|---|---|
| प्रभावित प्रदेश र जिल्ला | गण्डकी प्रदेशको पर्वत जिल्ला |
| प्रस्तावको व्यहोराः | पर्वत जिल्लाको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनितिक योजना (पञ्चबर्षिय वन कार्ययोजना) तयारी तथा कार्यान्वयन |
| प्रभाव पर्न सक्ने न.पा./गा.पा. | पर्वत जिल्ला अन्तर्गतका सबै पालिकाहरु (मोदी, जलजला, कुश्मा, फलेबास, महाशिला, बिहादी, पैंयु ) र वडाहरु |

सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः

| | |
|---|---|
| मितिः २०८३ जेष्ठ २६ गते<br>समयः बिहान ११ बजे | स्थानः डिभिजन वन कार्यालय पर्वत, कुश्मा-६, बान्द्रेविणि |
| मितिः २०८३ जेष्ठ २७ गते<br>समयः बिहान ११ बजे | स्थानः पैंयु खानेपानी भवन, पैंयु-४, हुवास, पर्वत |

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | डिभिजन वन कार्यालय पर्वत<br>कुश्मा, नेपाल ।<br>फोन नं. ०६७-४२०१३५/९८५७६३०३९०/९८५७६३०३९५<br>Email: parbatdfo@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | कस्केली वन प्राविधिक समाज<br>पोखरा-१, बगर, कास्की, नेपाल<br>फोन नं. ९८५८४२२३८७/९८४६४६७३७५<br>Email: ramkajishrestha1966@gmail.com |

हेमलाल न्यौपाने
डिभिजनल वन अधिकृत

गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, पर्वत
कुश्मा, नेपाल

**पर्वत जिल्लाको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनितिक योजना (पञ्चबर्षिय वन कार्ययोजना) तयारीको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयारी सम्बन्धमा**

**राय सुझाव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना**

<u>प्रथम पटक प्रकाशित मितिः २०८३ जेष्ठ १९ गते मंगलबार</u>

गण्डकी प्रदेश पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं. ६ स्थित डिभिजन वन कार्यालय पर्वत द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | डिभिजन वन कार्यालय पर्वत<br>कुश्मा, नेपाल ।<br>फोन नं. ०६७-४२०१३५/९८५७६३०३९०/९८५७६३०३९५<br>Email: parbatdfo@gmail.com |
| प्रस्तावको व्यहोराः | डिभिजन वन कार्यालय पर्वत ले समग्र पर्वत जिल्लाको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनितिक योजना (पञ्चबर्षिय वन कार्ययोजना, २०८२/०८३ देखि २०८६/०८७ सम्म) को तयारी तथा कार्यान्वयन गर्ने प्रस्ताव गरेको छ । उक्त योजनाको कार्यान्वयन गर्दा वन व्यवस्थापन मार्फत वन पैदावारहरु (काठ, दाउरा,जडीबुटी, गैह्रकाष्ठ वन पैदावार लगायत) को उत्पादन, उपयोग, प्रशोधन साथै विक्रि वितरण र वन तथा वन्यजन्तुको संरक्षण हुने उद्देश्य राखिएको छ । गण्डकी प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ को अनुसूची २ (नियम ३ सँग सम्बन्धित) को खण्ड (क) को बुँदा (१८) र (१९) अनुसार यस योजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरिएको हो । |
| प्रभाव पर्न सक्ने जिल्ला, न.पा./गा.पा. | पर्वत जिल्ला अन्तर्गतका सबै पालिकाहरु (मोदी, जलजला, कुश्मा, फलेबास, महाशिला, बिहादी, पैंयु ) र वडाहरु |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक-भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/ गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | डिभिजन वन कार्यालय पर्वत<br>कुश्मा, नेपाल ।<br>फोन नं. ०६७-४२०१३५/९८५७६३०३९०/९८५७६३०३९५<br>Email: parbatdfo@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | कस्केली वन प्राविधिक समाज<br>पोखरा-१, बगर, कास्की, नेपाल<br>फोन नं. ९८५८४२२३८७/९८४६४६७३७५<br>Email: ramkajishrestha1966@gmail.com |